# ७ येशू र समाजबाट तिरस्कृत र बहिस्कृत हुनु

*<u>यस अध्यायका मूल पदहरू:</u>* मत्ती २१:२८-३२, यूहन्ना ८:१-११, मर्कूस ५:१-२०, यूहन्ना ४:५-३२ र मत्ती ९:९-१३।

*<u>स्मरण गर्नुपर्ने पद:</u>* **"आफूले पानी भर्न ल्याएको गाग्री त्यहीं छोडेर त्यस महिला गाउँमा फर्किन्। त्यहाँका मानिसहरूलाई यसरी सम्बोधन गरिन्, "आउनु होस्! एक जना मानिसलाई भेट्न जसले मैले गरेका सबै कामहरू उनले बताई दिनुभयो। के उहाँ नै उद्धारकर्ता ख्रीष्ट होइन होला र? अनि सारा मानिसहरू गाउँबाट निस्केर येशूतिर गए।"** (यूहन्ना ४:२८-३० रूपान्तरित)।

एक जना युवती झ्यालखानामा बसीरहेकी थिइन्। उनी एकदम दुःख, कहालीलाग्दो र हिंसात्मक घरेलु वातावरणमा हुर्केकी थिइन। उनी पन्द्रह वर्ष पुग्नु अघि विवाह नै नगरी दुई जना बच्चाहरू जन्माएकी थिइन्। उनको बालकलाई उद्धार गर्न आउने सामाजिक कार्यकर्तालाई उनले हत्या गरेकी थिइन्। त्यसकारण उनी बन्दिगृहमा अदालतको फैसला सुन्न पर्खिरहेकी थिइन्। उनको जीवनमा माया प्रेम भनेको बिरानो थियो तर उनको बच्चामात्र एक थिए जसमा उनले आफ्नो माया र स्नेहको अनुभव गर्न पाएकी थिइन्।

आमाबाबु, साथी, आफन्त र कुनै पनि साथीहरूबिना उनले एक्लै भएर अन्धकार भविष्यको सामना गर्न त्यस झ्यालखानामा प्रतिक्षा गरिरहेकी थिइन्। तर एकदिन एक जना पास्टर उनकहाँ भेट्न आए र येशूको सुमाचार सुनाए। त्यस नैराष्यको भुमरीमा परिरहेकी युवतीले ख्रीष्टको प्रेमको बारेमा जान्न पाइन् र ख्रीष्टले उनलाई क्षमा गर्नुहुन्छ भन्ने आत्मिक ज्ञान उनमा प्राप्त भयो। समाजले उनलाई कसरी मूल्याङ्कन गरे त्यो आफ्नै ठाउँमा छ, तर उनले परमेश्वरको अनन्तको प्रेमको बारेमा जान्न अवसर पाउँदा उनी हर्षित भएकी थिइन्। यस समाजबाट, कानूनबाट र सबैबाट बहिस्कृत र तिरस्कृत युवतीले येशूमा नयाँ जीवन पत्ता लगाइन् र उनको जीवनको लक्ष्यलाई पहिल्याउन सकिन्। ख्रीष्टको प्रेम सबै समाजका नितिनियम चाहे जतिसुकै असल नै

किन नहोस्, तिनीहरू भन्दा अपार छ र पश्चाताप गर्ने युवती जस्ता अन्धकारमा जाकिरहेका मानिसहरूलाई ग्रहण गर्न येशू कहिल्यै पनि पछि पर्नुहुन्न।

## १ गाउँबाट तिरस्कृत भएर अलगिएर बसेका जनहरू (मत्ती २१-३२)

जनजाति, पानी चल्ने नचल्ने, शुद्ध जात अशुद्ध जात, ठूलो जात सानो जात जस्ता सामाजिक विकृतिलाई समाजले नै स्थापना गरेको हुन्छ। धनी, प्रवुद्ध र शिक्षित वर्गहरूले समाजमा प्रायजसो अत्यन्त उच्च स्थान वा पद ओगटेको हुन्छ। असल, नितिवान वा सर्वसाधारण वा सामान्य मानिसहरू प्रायजसो मध्यम वर्गमा परेको देखिन्छ। तर जात नमिलेको, पानी नचलेको, गरिब, निरिह, फोहरी भनेर छुट्याइएका वर्गहरू पनि समाजमा विद्यमान छन्। तिनीहरूमा वेश्याहरू छन् जसले आफू बाँच्न आफ्ना जीउहरूलाई बेच्दछन्, कुलतमा लागेकाहरू, अपराधीहरू, घरबार विहिनहरू, कोढीहरू आदि छन्। ख्रीष्टको समयमा सरकारी कर लिने कर्मचारीहरू पनि समाजबाट बहिस्कृत वर्गमा परेको थियो।

**कुनै पनि देशमा समाजबाट बहिस्कृत मानिसहरूको कमी हुँदैन। यहाँ दुईवटा वृतान्तहरू येशूको जीवनबाट दिएका छन्। तिनीहरू पढेर समाजले हेपेका मानिसहरूप्रति येशूको धारणा कस्तो थियो भनेर थाहा पाउनु होस्। मत्ती २१:२८-३२ "तिमीहरू के विचार गर्दछौ? एक जना मानिसका दुई छोरा थिए। उसले पहिलोकहाँ आएर भन्यो, 'छोरो, गएर आज दाखबारीमा काम गरिदे।' २९ त्यसले जवाफ दियो, 'म जान्नँ।' तर पछिबाट पछुताएर गयो। ३० "दोस्राकहाँ आएर उसले त्यसै भन्यो। त्यसले जवाफ दियो, 'म जान्छु।' तर गएन। ३१ "अब यी दुईमा कुनचाहिँले बाबुको इच्छा पालन गऱ्यो?" तिनीहरूले जवाफ दिए, "पहिलोचाहिँले।" येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, कर उठाउनेहरू र वेश्याहरू तिमीहरूभन्दा अघि परमेश्वरको राज्यमा प्रवेश गर्छन्। ३२ किनकि यूहन्ना तिमीहरूकहाँ धार्मिकताको मार्ग देखाउन आए, तर तिमीहरूले उनीमाथि विश्वास गरेनौ। तर कर उठाउनेहरू र वेश्याहरूले उनीमाथि विश्वास गरे। तिमीहरूले यो देखेर पनि पश्चात्ताप गरेनौ, अनि उनीमाथि विश्वास गरेनौ।"**

**समाजबाट बहिस्कृत मानिसहरूले प्रायजसो समाजका उच्च वर्गहरूले गुमाएका कुराहरूलाई भेट्टाएको देखाइएको छ। समाजका प्रतिष्ठित, शिक्षित, धनी, सामन्ती वर्गहरू भन्दा समाजबाट हेपिएका, बहिस्कृत र तुच्छ ठानेकाहरूको सामु येशू जान किन मन पऱ्याउनुभयो?**

ती बहिस्कृत वर्गहरू पापले गर्दा वा पापप्रति अत्यन्त मोहले गर्दा तिनीहरूको हृदय कडा भएको हुन्छ। तिनीहरू रुखो र असभ्य देखिएला। तै पनि अहङ्कारी, समाजभन्दा माथि रहेको भनेर उच्च, प्रतिष्ठित वर्ग र अरू भन्दा धर्मी छु भनेर धार्मिक मानिसहरू भन्दा ती हेपिएका वर्गहरूकहाँ पुग्न सजिलो हुन्छ। कमसेकम ती नराम्रा ठानिएका मानिसहरू मुकुण्डो त लगाएका हुन्दैनन्। तिनीहरूको मन भित्र आफू खाली भएको महशूस गर्दाछन् र तिनीहरू आफ्नो जीवन अर्थहिन भएको ठान्दछन्। प्रायजसो ती मानिसहरू युवाअवस्थामा अधिकारवालाहरूको विरुद्धमा खुला रूपले आवाज उठाइएको पाइन्छ। जब तिनीहरू असफल हुन्छन् तब तिनीहरू आजित भएर हिनतावोधमा झर्दछन्। अनि तिनीहरू आफ्ना आमाबाबु वा शासकहरूसँग प्रतिकारमा उत्रन्छन्।

जब ती तिरस्कृत मानिसहरूलाई येशूले भेट्नुभएको थियो तिनीहरूलाई तल्लो स्तर ठानेर उहाँले व्यवहार गर्नुभएको थिएन। बरू तिनीहरूको आत्मसंमानलाई पुनर्जागरण गर्नुभएको थियो। तिनीहरू कतिको मूल्यवान छन् भन्ने आभास येशूले सृजनुभएको थियो। तिनीहरू जस्तो छ त्यस्तै रूपमा ग्रहण गरेर येशूले तिनीहरूप्रति स्नेह र माया देखाउनुभएको थियो। जब ख्रीष्टको न्यानो माया तिनीहरूले पाए तब प्रायजसो तिनीहरूको मन पग्लिएको हुन्थ्यो।

**समाजको तल्लो जात, बहिस्कृत वर्ग, तिरस्कृत वर्ग, हिनतावोधले लादिएका मानिसहरूप्रति तपाईंको मनोभावना कस्तो छ? इमान्दारिपूर्वक जवाफ दिनुहोस्ः के तिनीहरू भन्दा तपाईं असल भएको भान गर्नुभएको छ? यदि छ भने त्यसको अर्थ के हो?**

## २. "रंगे हातमा समातिएको" (यूहन्ना ८ः१-११)

**समाजका तिरस्कृत तल्लो वर्गका व्यक्तिलाई येशूले कस्तो नजर लगाउनुहुन्छ भनेर यूहन्ना ८ः१-११मा छर्लङ्ग पारेको हेर्नुहोस्ः " तर येशू**

जैतून डाँड़ामा जानुभयो। २ उहाँ एकाबिहानै फेरि मन्दिरमा जानुभयो, र सबै मानिसहरू उहाँकहाँ आए, र उहाँ बस्नुभयो, र तिनीहरूलाई शिक्षा दिनुभयो। ३ शास्त्री र फरिसीहरूले व्यभिचारमा पक्राउ परेकी एउटी स्त्रीलाई ल्याए, र त्यसलाई माझमा उभ्याए। ४ तिनीहरूले उहाँलाई भने, "गुरुज्यू, यो स्त्री व्यभिचारको कर्ममा पक्राउ परी। ५ व्यवस्थामा मोशाले यस्ताहरूलाई ढुङ्गाले हान्ने हामीलाई आज्ञा दिएका छन्। तपाईं यसको बारेमा के भन्नुहुन्छ?" (लेवी २०:१० व्यवस्था २२:२२-२४) ६ तर तिनीहरूले उहाँको जाँच गर्नलाई, र उहाँमाथि अभियोग लाउन सकिन्छ कि भनी यसो भनेका थिए। येशूले निहुरेर भूइँमा औँलाले लेख्नुभयो। ७ तर जब तिनीहरूले उहाँलाई सोधी नै रहे, तब उहाँले खड़ा भएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरूमा जो पापरहित छ, त्यसैले त्यस स्त्रीलाई पहिले ढुङ्गा हानोस्।" ८ अनि फेरि निहुरेर उहाँले भूइँमा औँलाले लेख्नुभयो। ९ तर जब तिनीहरूले यो सुने, तब ठूलादेखि सुरु गरी सानासम्म एक-एक गरेर गए, र येशू त्यस स्त्रीसँग एक्लै छोडिनुभयो, अनि त्यो स्त्रीचाहिँ उहाँको अगि उभिरही। १० येशूले त्यस स्त्रीलाई हेरेर भन्नुभयो, "ए नारी, तिनीहरू कहाँ गए? के कसैले तिमीलाई दण्ड दिएन?" ११ त्यसले भनी, "प्रभु, कसैले दिएन।" येशूले भन्नुभयो, "म पनि तिमीलाई दण्ड दिन्नँ। जाऊ, अनि फेरि पाप नगर।"

अघिल्लो रात येशूले ओलिभ वा जैतुनको पहाडमा आत्मिक समय परमेश्वरसँग बिताउनु भएको थियो। त्यसपछि एका बिहानै येशू मन्दिरको परिसरमा आउनुभयो। त्यहाँ हुलका हुल मानिसहरू उहाँका अर्तीहरू सुन्न आएका थिए। जब उहाँले मानिसहरूलाई शिक्षा दिँदै हुनुहुन्थ्यो अचानक धर्मका पण्डित फरिसीहरूले व्यभिचारमा संलघ्न भएकी एक जना युवतीलाई रंगेली हात समातेर येशूकहाँ पछारिदिए। व्यभिचारको बारेमा मोशाले दिएको निर्देशनलाई उदृध गर्दै ती पण्डितहरूले त्यस वेश्यालाई के गर्ने भनेर येशूलाई कोट्याउन थाले। तिनीहरूको मनशाय थियो येशूले त्यस युवतीलाई मार भनेर हुकुम देओस्। तर ती धर्मगुरूहरूले जुन रूपमा चर्तिकला देखाइयो त्यसमा तिनीहरूको कुनै पनि इमान्दारिता नभएको उहाँले भेट्टाउनु भएको थियो। तिनीहरूको भित्री मनशाय कालो थियो भनेर उहाँलाई थाहा थियो। सत्यलाई खोज्न होइन तर येशूलाई धरापमा पार्न त्यसो गरिएको

थियो। इस्राएल देश स्वतन्त्र नभएर पश्चिमी देश रोमको अधिनमा थियो। स्वतन्त्र इस्राएलले मृत्युदुण्ड दिने अधिकार थियो, तर पराधिन भएकोले त्यो अधिकार इस्राएली अदालतले दिन मनाही गरेको थियो। तर कोही मानिसलाई मृत्युदण्ड दिनुपर्छ भने केवल रोमी अदालतले मात्र फैसला दिइन्थ्यो । त्यसकारण यदि येशूले मोशाको आदेशलाई पालन नगरी त्यस युवतीलाई मार्न हुकुम दिनुभएन भने उहाँले मोशाका आज्ञाहरूलाई अस्वीकार गरेर यहूदी धर्मको खिलाफमा गयो भनेर उहाँलाई आरोप लगाउँथ्यो। तर यदि त्यस स्त्रीलाई ढुङ्गाले हान भनेर हुकुम दिएर खीष्टले मोशाको आज्ञा पालन गरियो भने उहाँले रोमी कानूनको उलङ्घन गऱ्यो भनेर उहाँलाई आरोप लगाइन्थ्यो। अतिवादी धार्मिक प्रवृत्तिका मानिसहरू र रोमको राजनैतिक अधिनताको धरापमा त्यस दोषी र चरित्रहिन भनेर कहलाइएका त्यस निरीह महिला थिइन्। खीष्टको करुणामय स्वभाव त्यस महिलाले जान्न सकेकी थिइनन्। धर्मका गुरू मानिएको येशूले उनलाई ढुङ्गा हान्न आदेश दिने छ भन्ने उनको मगजमा घुसेको थियो। धर्मका खोल लगाएका मानिसहरूको चिच्याहटलाई केही नसुनेको जस्तै गरेर येशुले भुँइमा केही लेख्नुहुन्छ जसलाई सबैले पढ्न पाएका हुन्छन्। अनि शिर उठाएर येशूले उहाँप्रति प्रतिशोधको भावनामा डुवेका मानिसहरूलाई कहिल्यै पनि नविर्सने वाक्य यसरी प्रकट गर्नुहुन्छः "तिमीहरूमा कसैको पाप छैन भने त्यसले पहिले ढुँगा हानोस्।" त्यस चुनौतीको मुनी येशूले त्यस अवला स्त्रीलाई दयाको वरदान प्रदर्शन गर्नुभएको थियो।

अब येशू होइन, सारा जनसमूहको अगाडि ती धर्मका खोल लगाएका धार्मिक अगुवाहरूलाई येशूले धरापमा पार्नु भएको थियो। पाप नभएका मानिसहरूलाई निर्दयपूर्वक अपराधीलाई सजायँ दिन अधिकार दिइन सक्थ्यो होला। तर कोही धर्मात्मा छैन भनेर स्वीकार गर्ने पापी मानिसहरूले अरूप्रति सदाशय र दया देखाउन येशूले अपेक्षा गर्नुभएको थियो। यथार्थमा येशू बाहेक त्यस भिंडमा कोहि पनि पापरहित थिएन। अनुहार खुम्च्याएर अनेक बहान लगाउँदै ती धर्मगुरूहरू एक एक गरेर त्यस भिंडबाट बिलाएर गए। अनि परिस्थितिको परिवन्धनमा परेकी त्यस महिलालाई येशूबाट सदाशयता र दया पाइन्।

"येशूले त्यस युवतीलाई क्षमा दिनुहुन्छ र असल तथा परिवर्तित जीवन बिताउन उहाँले उत्साह दिनुहुन्छ। सिद्ध धार्मिकतामा येशूको चरित्रको सुन्दरता चम्किन्छ। उहाँले पापलाई समर्थन त गर्नुहुन्न र त्यस महिलालाई सजायँ दिन पनि उहाँ अग्रसर हुनुहुन्न। त्यस महिलाको उद्धार भएको उहाँको चाहना थियो। संसारको अघि त्यस चरित्रहिन भनेर कहलाइएकी स्त्री दोषी भएर उभिन्छिन् भने येशूले उनलाई आशा र सान्त्वनाले भरिदिनुहुन्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ४६२बाट रूपान्तरित।

एलेन जी ह्वाइटले त्यस आइमाईको बारेमा अलि विस्तृत बताउँछिन्। त्यस आइमाई वेश्यावृत्ति गरेकै अवस्थामा पकडिएको थियो। धर्मगुरूहरूले येशूलाई धरापमा पार्न जे योजना बनाएतापनि यथार्थमा तिनी चरित्रहिन भएर नै उभिएकी थिइन्। तै पनि येशूले उनलाई क्षमा दिनुभयो। पापलाई समर्थन नगरिकनै हामीले पनि दोषीलाई कारबाहि गर्नुको सट्टा सदाशयता र दया कसरी देखाउने?

## ३. तल्लो भन्दा पनि तल्लो स्तरमा परिरहेको मानिस (मर्कूस ५:१-२०)

मर्कूसको पुस्तकमा एक जना मानिसको बारेमा सजीव चित्रण दिएको छ। त्यस मानिस घरबार बिहिन भएर बसेको थियो। आज पनि हजारौं मानिसहरू घरबार विहिन भएर बसेका छन्। तर अरूहरू भन्दा त्यस मानिसमा केही भिन्नता थियो। त्यो मानिस मानसिक पिडाले ग्रष्त भएको थियो। त्यस मानिस र आजका मानसिक पिडाले सताइएर बसेका मानिसहरूको तुलना गरौं। त्यस मानिस र सैतानले सताइएका वर्तमान मानिसहरू वा दिमागमा रोग लागेका मानिसहरूको बीचमा केही भिन्नता छ त? आज पनि मानसिक पिडा भएका मानिसहरूलाई अरू सामान्य भनेर दावी गर्नेहरूले कसरी हेर्दछन्? येशूले जुन रूपमा त्यस मानिसलाई चङ्गाई गर्नुभयो र त्यसलाई अरूको अगाडि प्रचार गर भन्नु भएतापनि कतिपयलाई त्यस घट्नालाई गोप्यमा राख्नु भन्नु भएको थियो। त्यसको तात्पर्य के हो? हेर्नुहोस्, मर्कूस ५:१-२० "१ अनि उहाँहरू समुद्रको पारिपट्टि गेरासेनसको मुलुकमा आउनुभयो। २ येशू डुङ्गाबाट बाहिर निस्कने बित्तिकै चिहानबाट अशुद्ध आत्मा लागेको एक जना मानिसले उहाँलाई भेटयो। ३ त्यो चिहानहरू हुँदो बस्दथ्यो। कसैले पनि त्यसलाई

साङ्‌लाले समेत बाँध्न सक्दैनथ्यो। ४ किनकि त्यो धेरै पल्ट नेल र
साङ्‌लाहरूले बाँधिएको थियो, र पनि त्यसले साङ्‌लाहरू टुक्रा-टुक्रा पारी
छिनाल्थ्यो। कुनै मानिसले पनि त्यसलाई वशमा पार्न सकेको थिएन। ५
त्यो रात र दिन सधैं चिहानहरू र डाँड़ाहरूमा कराउँदै आफूले आफैलाई
ढुङ्गाले चिथोर्दै हिँड्थ्यो। ६ अनि जब त्यसले येशूलाई टाढ़ैबाट देख्यो
तब दौड़ेर आयो, र उहाँलाई दण्डवत् गर्‍यो। ७ अनि ठूलो सोरले
चिच्च्याएर त्यसले भन्यो, "हे सर्वोच्च परमेश्वरका पुत्र येशू, तपाईंको
मसँग के सरोकार? म परमेश्वरमा शपथ खाएर तपाईंलाई बिन्ती गर्दछु,
कि मलाई दुःख नदिनुहोस्।" ८ किनकि उहाँले त्यसलाई भन्नुभएको
थियो, "ए अशुद्ध आत्मा, त्यस मानिसबाट निस्की।" ९ अनि उहाँले
त्यसलाई सोध्नुभयो, "तेरो नाउँ के हो?" त्यसले उहाँलाई भन्यो, "मेरो
नाउँ त फौज हो, किनकि हामी धेरै छौं।" १० ती भूतात्माहरूलाई त्यस
इलाकाबाहिर ननिकालिदिनुहोस् भनी त्यसले उहाँलाई आग्रहपूर्वक बिन्ती
गर्‍यो। ११ त्यहाँ डाँड़ाको भीरतिर सुँगुरको एक ठूलो बगाल चरिरहेको
थियो। १२ ती भूतात्माहरूले यसो भनी उहाँलाई बिन्ती गरे, "हामीलाई
सुँगुरहरूकहाँ जान दिनुहोस्, र हामी तीभित्र पस्छौं।" १३ तब उहाँले
तिनीहरूलाई अनुमति दिनुभयो, र अशुद्ध आत्माहरू बाहिर निस्केर
सुँगुरहरूभित्र पसे, अनि दुई हजार सुँगुरको बगाल भीरबाट समुद्रतिर
हुर्रिंदैगए, र ती समुद्रमा डुबेर मरे। १४ ती सुँगुर चराउनेहरू भागे, र
सहर र गाउँ-गाउँमा खबर दिए। र के भएको हो सो हेर्न मानिसहरू
त्यहाँ आए। १५ तब तिनीहरू येशूकहाँ आए, र देखे कि त्यो भूत
लागेको मानिस ठीक मनको भएर लुगा लगाई बसिरहेको थियो। यो
देखेर तिनीहरू डराए। १६ अनि जसले यो देखेका थिए, तिनीहरूले भूत
लागेको मानिस र सुँगुरहरूलाई के भएको थियो सो बताइदिए। १७
अनि तिनीहरूको इलाकाबाट गइहाल्नुहोस् भनी मानिसहरूले येशूलाई
बिन्ती गर्न लागे। १८ उहाँ डुङ्गामा पस्न लाग्नुहुँदा त्यो भूत लागेको
मानिसले उहाँसँग रहनलाई बिन्ती गर्‍यो। १९ तर उहाँले त्यसलाई
अनुमति दिनुभएन, तर त्यसलाई भन्नुभयो, "तिमी आफ्नो घरमा गएर तिम्रा
मित्रहरूलाई प्रभुले तिम्रो निम्ति गर्नुभएको महान् काम र तिमीलाई
देखाउनुभएको ठूलो दयाको वर्णन गरिदेऊ।" २० अनि त्यो मानिस

**हिँड़िहाल्यो, र येशूले त्यसको निम्ति कति ठूलो काम गरिदिनुभएको थियो सो डेकापोलिसभरि प्रचार गर्न लाग्यो, र सबै मानिसहरूले अचम्म माने।"**

मानिस कत्तिको भयङ्कर तल्लो स्तरमा गिर्न सक्दो रहेछ भनेर धेरै जसो हामीलाई सोच्न गाऱ्हो पर्छ। त्यस मानिस चिहानमा रहन्थ्यो। कसैले भन्छ त्यो मानिस केवल बहुलाएको मात्र हो। तर बाइबलले त्यो मानिस बहुलाएको हो भन्दैन। (फेरि कुनै मानिसको बहुलापन अर्को मानिसलाई सार्न सक्छन् र जसरी सुँगुरमा सारियो?)।

त्यस कथाको मूल सार यो पनि हो कि कोही मानिस मानसिक रूपमा पिडामा छ भने त्यसलाई वेवास्ता गर्नुहुन्न। कतिपय समयमा मानसिक चिकित्सक वा त्यसबारे जान्नेहरूको सहायता लिनु पर्दछ। (वर्तमान समयमा कतिपय अस्पतालहरू छन् जहाँ मानसिक रोगलाई उपचार गरिन्छ त्यसबाट मानसिक रोगले ग्रष्त भएकाहरूलाई सकेसम्म बंचित पार्नुहुँदैन)।

यदि हामीहरू येशूका भक्त हौं भनेर दावी गर्दछौं भने ख्रीष्ट सबैको निम्ति मर्नुभएको थियो भन्ने विश्वासलाई कहिल्यै पनि त्याग्नु हुन्न। हामीले केही गर्न सक्दैनौं भन्ने मानिसहरूलाई पनि सकेसम्म हामीहरूको करुणा, आदर र दयाका भागी हुन् भनेर सम्झिनु पर्दछ। माथिको कथामा हामीले हेऱ्यौं भने परमेश्वरको शक्ति न त सिमित छ न त त्यो शक्तिको उपभोग गर्न कुनै मानिस अत्यन्त गिर्दो अवस्थामा हुन्छ भनेर देखाइएको छ। हामीहरूको दोषी चस्माले हेर्दा कतिपय मानिसहरू नराम्रो वा तल्लो स्तरमा झरिएको छ त्यसलाई केही पनि गर्न सकिन्दै भनेर हामी ठान्दछौं होला तर परमेश्वरको सामु प्रत्येक व्यक्ति जुनसुकै अवस्थामा रहेतापनि विशिष्ट भएको हुन्छ र त्यसको मोल अनमोल हुन्छ। यदि क्रुस छैन भने हामी सबैको जीवनको मूल्य नगन्य वा मूल्यहिन हुन्छ। यदि कोही क्षतविक्षत भएको मानिसलाई हामीले हेर्नुपऱ्यो भने येशूले निर्धारण गर्नुभएको मानव मूल्यलाई सम्झिरहनुपर्दछ।

**कतिपय मानिसहरू शारीरिक, मानसिक, सामाजिक र आत्मिक रूपमा क्षत विक्षत भएको होला, तिनीहरूको बारेमा सोच्नुहोस्। हामीहरूको प्रेमिलो परमेश्वरले कसरी तिनीहरूप्रतिको दृष्टी कस्तो छ सो बुझ्न कोशिस गर्नुहोस्। तिनीहरूको निम्ती प्रार्थना गर्नु बाहेका**

तिनीहरूलाई परमेश्वरले प्रेम गर्नुहुन्छ भनेर तपाँईले कुनै न कुनै रूपमा कसरी देखाउन सक्नुहुन्छ?

## ४. इनारमा पानी लिन आएकी महिला (यूहन्ना ४:१-४२)

यूहन्ना ४:१-४२मा येशूले एक जना महिलासँग तत्कालिन चलन अनुसार पानी नचल्नेसँग पानी माग्नुभएको वृतान्त पढ्नुहोस् “१ यूहन्नाले भन्दा येशूले धेरै चेलाहरू बनाउँदैहुनुहुन्छ र बप्तिस्मा पनि दिँदैहुनुहुन्छ भन्ने फरिसीहरूले सुने। २ (वास्तवमा येशू आफैले त होइन, तर उहाँका चेलाहरूले बप्तिस्मा दिन्थे।) ३ जब येशूले यो थाहा पाउनुभयो, उहाँ यहूदिया छोड़ेर फेरि गालीलमा फर्कनुभयो। ४ उहाँलाई सामरिया भएर जानुपर्थ्यो। ५ र उहाँ सामरियाको सुखार भनिने नगरमा आइपुग्नुभयो। यो नगरचाहिँ याकूबले आफ्ना छोरा योसेफलाई दिएका जमिनको नजिकै पर्थ्यो। ६ त्यहाँ याकूबको इनार थियो। येशू यात्राले थाक्नुभएको हुनाले त्यस इनारको छेउमा बसिरहनुभएको थियो। प्रायः मध्यान्ह भएको थियो। ७ एउटी सामरी स्त्री पानी भर्न त्यहाँ आई। येशूले त्यसलाई भन्नुभयो, “मलाई पानी पिउन देऊ।” ८ उहाँका चेलाहरू सहरमा खानेकुरा किन्न गएका थिए। ९ तब सामरी स्त्रीले उहाँलाई भनी, “तपाईं यहूदी भएर म सामरी स्त्रीको हातबाट कसरी पानी पिउनुहुन्छ?” (यहूदीहरूले सामरीहरूसँग केही सम्बन्ध राख्दैनन्।) (एज्रा ४:१-५ नहे ४:१-२)। १० येशूले त्यसलाई भन्नुभयो, “तिमीले परमेश्वरको वरदान र तिमीसँग पानी माग्ने व्यक्तिलाई चिनेकी भए तिमीले उसलाई माग्नेथियौ, र उसले तिमीलाई जिउँदो पानी दिनेथियो।” ११ त्यस स्त्रीले उहाँलाई भनी, “हजूर, तपाईंसित उघाउने भाँड़ो छैन, र इनार पनि गहिरो छ। तब तपाईंले कहाँबाट त्यो जिउँदो पानी ल्याउनुहुन्छ? १२ के तपाईं हाम्रा पुर्खा याकूबभन्दा ठूला हुनुहुन्छ? उनले हामीलाई यो इनार बनाइदिए, र उनी आफैले, उनका सन्तान र उनका गाईबस्तुले यही इनारको पानी पिए।” १३ येशूले त्यसलाई भन्नुभयो, “यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ, १४ तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन। जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ!” १५ त्यस स्त्रीले उहाँलाई भनी, “हजूर, मलाई त्यही पानी दिनुहोस्, र म तिर्खाउनेछैनँ, र

यहाँ पानी भर्न आइरहनुपर्दैन" १६ येशूले त्यसलाई भन्नुभयो, "जाऊ, तिम्रो
श्रीमान्लाई बोलाएर ल्याऊ।" १७ त्यस स्त्रीले भनी, "मेरो श्रीमान्
छैन।" येशूले तिनलाई भन्नुभयो, "तिम्रो श्रीमान् छैन भनी तिमीले ठीकै
भन्यौ, १८ किनभने तिम्रा पाँच जना श्रीमान् भइसकेका छन्, र जो अहिले
तिमीसँग छ, त्यो तिम्रो श्रीमान् होइन। तिमीले यो साँचो भनेकी हौ।"
१९ त्यस स्त्रीले उहाँलाई भनी, "हजूर, तपाईं अगमवक्ता हुनुहुन्छ भनी म
थाहा पाउँछु। २० हाम्रा पुर्खाहरूले यस डाँड़ामा आराधना गरे, अनि
तपाईंहरू भन्नुहुन्छ, कि आराधना गर्ने स्थान यरूशलेम हो।" २१ येशूले
त्यसलाई भन्नुभयो, "ए नारी, मलाई विश्‍वास गर, त्यो बेला आउँदैछ, जब
तिमीहरू न त यस डाँड़ामा, न यरूशलेममा पिताको आराधना गर्नेछौ।
२२ तिमीहरू जे आराधना गर्दछौ सो जान्दैनौ। हामी जे आराधना गर्दछौं
सो जान्दछौं, किनभने मुक्तिचाहिँ यहूदीहरूबाट आउँछ। २३ तर बेला
आइरहेछ, र त्यो बेला अहिल्यै हो, जब सच्चा आराधकहरूले पितालाई
आत्मा र सत्यतामा आराधना गर्नेछन्। किनकि आराधना गर्ने यस्तै
आराधकहरूलाई नै पिताले खोज्नुहुन्छ। २४ परमेश्‍वर आत्मा हुनुहुन्छ,
र उहाँका आराधकहरूले आत्मा र सत्यतामा आराधना गर्नुपर्छ।" २५
त्यस स्त्रीले उहाँलाई भनी, "म जान्दछु, कि मसीह आउनुहुन्छ (जसलाई
ख्रीष्ट भनिन्छ), र जब उहाँ आउनुहुन्छ, तब उहाँले नै हामीलाई सबै कुरा
बताउनुहुनेछ।" २६ येशूले तिनलाई भन्नुभयो, "तिमीसँग बोल्ने, म उही
हुँ।" २७ त्यति नै बेला उहाँका चेलाहरू आए, र उहाँलाई एउटी स्त्रीसँग
कुरा गरिरहनुभएको देखेर छक्क परे, तर "तपाईं के चाहनुहुन्छ?" अथवा
"तपाईं त्यस स्त्रीसँग किन बातचित गर्दैहुनुहुन्छ?" भनेर कसैले सोधेनन्।
२८ तब त्यो स्त्री आफ्नो गाग्रो छोड़ेर नगरतिर गई, र मानिसहरूलाई
भनी, २९ "आओ, एक जना मानिसलाई हेर, जसले मैले गरेका सबै काम
मलाई बताइदिनुभयो। कतै उहाँ नै ख्रीष्ट त हुनुहुन्न?" ३० तब
तिनीहरू नगरबाट निस्केर उहाँकहाँ गए। ३१ यसै बीचमा चेलाहरूले
उहाँलाई यसो भनेर बिन्ती गरे, "रब्बी, भोजन गर्नुहोस्।" ३२ तर उहाँले
तिनीहरूलाई भन्नुभयो, "मसित खानलाई भोजन छ, जो तिमीहरूलाई थाहा
छैन।" ३३ यसकारण चेलाहरूले आपसमा भने, "के कसैले उहाँलाई
भोजन ल्याइदियो कि कसो?" ३४ येशूले तिनीहरूलाई भन्नुभयो, "मलाई
पठाउनुहुनेको इच्छाअनुसार गर्नु, र उहाँको काम पूरा गर्नु नै मेरो भोजन

हो। ३५ के तिमीहरू भन्दैनौ, 'अझ चार महिना बाँकी छ, तब बाली काट्ने बेला आउँछ?' म तिमीहरूलाई भन्दछु, आफ्ना आँखा उचालेर खेतबारी हेर, बाली कटनीको निम्ति पाकिसकेको छ। ३६ जसले बाली काट्छ त्यसले ज्याला पाउँछ, र अनन्त जीवनको लागि फल बटुल्छ, र छर्ने र कटनी गर्ने एकसाथ रमाउँछन्। ३७ किनकि 'एक जनाले छर्छ, र अर्कोले कटनी गर्छ,' भन्ने वचन यसैमा सत्य हुन्छ। ३८ मैले तिमीहरूलाई त्यहाँ कटनी गर्न पठाएँ, जहाँ तिमीहरूले परिश्रम गरेका छैनौं। अरूहरूले परिश्रम गरेका छन्, र तिनीहरूको परिश्रमका फल तिमीहरूले पाएका छौ।" ३९ "मैले जे गरें उहाँले मलाई सबै भनिदिनुभयो" भन्ने त्यस स्त्रीको गवाहीले गर्दा त्यस नगरका सामरीहरूमध्ये धेरैले उहाँमाथि विश्वास गरे। ४० यसकारण जब सामरीहरू उहाँकहाँ आए, तब तिनीहरूले उहाँलाई तिनीहरूसँग बस्न बिन्ती गरे, र उहाँ दुई दिन त्यहाँ बस्नुभयो। ४१ अनि उहाँका वचनको कारण अरू धेरैले उहाँमाथि विश्वास गरे। ४२ त्यस स्त्रीलाई तिनीहरूले भने, "अब तिमीले भनेका कुराले गर्दा हामीले विश्वास गरेका होइनौं, तर हामी आफैले सुनेका कारणले साँच्चै उहाँ संसारका मुक्तिदाता हुनुहुन्छ भनी हामीले जानेका छौं।"

माथिको त्यस वृतान्त पढेपछि देहायका जिज्ञासाहरूको जवाफ दिनुहोस्ः

**अ.** यहूदी र सामरी अर्थात् गैर-यहूदीहरूको जातको बीचमा चलेको कुन् सामाजिक संस्कारलाई येशूले तोड्नुभयो र किन? जब सुमाचार प्रचार गर्छौं र उहाँको निम्ति साक्षी बक्छौं तब त्यसालाई अवरोध ल्याउने कुनै पनि सामाजिक संस्कारप्रति हामीहरूको धारणा कस्तो हुनुपर्दछ? त्यसालाई हामीले कसरी थान्को लगाउन सिक्नुपर्दछ? कुन् सामाजिक संस्कारले गर्दा तपाईं येशूभक्त हो भन्ने प्रमाणलाई रोकिरहेको छ?

**आ.** त्यस महिलाको पापमय जीवनको बारेमा उनको चित्तलाई नदुखाइ कसरी उदाङ्ग पार्नुभयो? मानिसहरूलाई पापको बारेमा औंल्याउन येशूको काइदा हामीले पनि कसरी सिक्ने?

**इ.** येशूसँगसँगै हिँडेका चेलाहरूमा पानी नचल्नेसँग येशू कुरा गर्नुभएको विषयप्रति कस्तो नकारात्मक भावना तिनीहरूमा थियो? फेरि के हामी पनि त्यही दायरामा छौं त? इमान्दारीसाथ जवाफ दिनुहोस्।

**ई.** येशूमा दुरदृष्टिको खुबी भएको कारणले त्यस महिलाको जीवनको बारेमा थाहा पाउनु भएको थियो। उहाँको त्यस खुबीप्रति निसन्देःह हामी प्रभावित छौं। तर जब येशूको बारेमा गाउँलेहरूलाई भने तब उनको हृदयमा येशू को हुनुहुन्छ भन्ने विषयमा अझै केही शङ्का थियो भनेर कसरी जनाउँछ?

**उ.** जब अरूहरूलाई येशूभक्त बनाउन तालिम दिन्छौं तब हामीमा पनि कस्तो धैर्यता हुनु आवश्यक छ भनेर कसरी सिक्ने?

## ५.विदेशी शक्तिको निम्ति कर असुल गर्ने सरकारी कर्मचारी र पापीहरू (मत्ती ९:९-१३)

यदि यस संसारमा पाप नआएको भए यस संसार कस्तो हुने थियो होला सो सोच्न कठिन छ। छ हजारवर्षसम्म चलिरहेको पापको बादलमा पनि यस पृथ्वीमा सौन्दर्यता छन् जसले परमेश्वरको भलाई, शक्ति, ओजस्वी वा गौरवलाई देखाउँदछन्। यदि यस संसार पापमा नफसेको भए मानिसहरूको व्यवहार एक आपसप्रति कस्तो हुने थियो होला र तिनीहरूको जीवन कस्तो हुने थियो होला भनेर हामीहरूको पापले अन्धकार बनाएको दिमागले बुझ्न असम्भव नै छ। तर एउटा कुरामा हामी सबै निश्चित छौं त्यो हो मानिस मानिसको बीचमा भेदभाव ल्याउने कुनै पनि सामाजिक संस्कार जस्तै रङ्ग, जाती, धनी गरिव वा श्रमिक वर्गहरू र चालचलन वा सांस्कृतिक परम्पराहरू पापरहित समाजमा हुनेछैन।

अभाग्यवस मानिस मानिसलाई छुट्याउने ती वर्ग र संस्कारहरू ख्रीष्टको दोस्रो आगमन नहुञ्जेल जुनसुकै वाद आएतापनि यस संसारमा रहिरहनेछ। अझ जब यस संसार जब जब झन खस्किन्दै जान्छ तब तब त्यसबाट ल्याउने समस्याहरू पनि झन झन चर्को हुँदै जानेछ। तर यदि हामीहरू येशूका भक्त हौं भनेर दावी गर्दछौं भने समाजमा विकृती, फाटो, दुःखकष्ट, पिडा र हृदयमा चोट ल्याउने त्यस्ता संस्कारहरूको निवारण गर्न सकेसम्म कोशिश गर्नुपर्छ। हामीहरू त्यस कुसंस्कारबाट

पार रहेर बस्नु पर्दछ। हाम्रै समाजमा रहेका विभिन्न तल्लो जात भनेर कहलाउने मानिसहरूप्रति हाम्रो धारणालाई येशूको सोचाईमा धाल्नुपर्दछ।

**समाजमा तिरस्कार गरिएका व्यक्तिहरूप्रति देखाउनु भएको येशूको नमूनालाई उत्कृष्ट मान्नु पर्दछ। उहाँको वचन र कामले सत्य इसाई भनेको के हो भनेर छर्लङ्ग देखाउँदछ। होशे ६:६को उदृध गर्दै येशूले भन्नु भएको थियो "मलाई तिमीहरूको धर्मकर्म वा बलि होइन दया तथा करुणाको चाहना छ।" येशूको त्यस कुरालाई मध्यनजरमा राखेर उहाँले अनुमोदन नगर्नुभएको जातजाति, वर्ग र मानिसलाई छुट्याउने परम्परालाई पालना गरेर हामी दोषी कसरी नठहर्ने? मत्ती ९:९-१३मा दिइएको येशूको व्यवहारलाई आत्मसात् गर्नुहोस् " येशू त्यहाँबाट जानुहुँदा मत्ती भन्ने एक जना मानिसलाई कर उठाउने अड्डामा बसिरहेको देख्नुभयो, र तिनलाई भन्नुभयो, "मेरो पछि लाग।" अनि तिनी उठे र उहाँको पछि लागे। १० उहाँ खान बस्नुभएको बेला, धेरै कर उठाउनेहरू र पापीहरू आएर येशू र उहाँका चेलाहरूसँग खान बसे। (लूक १५:१-२) ११ जब फरिसीहरूले त्यो देखे, तब उहाँका चेलाहरूलाई भने, "किन तिमीहरूका गुरु कर उठाउनेहरू र पापीहरूसँग खान्छन्?" १२ यो सुनेर उहाँले भन्नुभयो, "निरोगीहरूलाई वैद्यको आवश्यकता हुँदैन, तर रोगीहरूलाई हुन्छ। १३ तर गएर यसको अर्थ के हो तिमीहरू सिकः 'म बलिदान होइन, दया चाहन्छु।' किनकि म धर्मीलाई होइन, तर पापीहरूलाई बोलाउन आएँ।" (मत्ती १२:७ होशे ६:६)।**

"येशू र उहाँका चेलाहरूले कर उठाउने र पापीहरूसँग बसेर रमाइलो मान्दै खानपिन गरिरहेको यहूदी धर्मका पण्डित फरिसीहरूले देखेको थिए। येशू एकदम शान्तसँग रमाइलो मान्दै दया, शिष्टाचार र मित्रवत व्यवहार गर्दै तिनीहरूसँग खान्दै गर्नुभएको थियो। ती पण्डितहरूले उहाँको सराहना गर्नुपर्थ्यो। तर उहाँ तिनीहरू जस्तो नभएकोले उहाँको व्यवहार तिनीहरूको निम्ति असह्य भएको थियो। ती धर्मका अहङ्कारी पण्डितहरू आफू सम्पन्न भएकोमा गौरव गर्दथे। आफू भन्दा कम आशिष पाएका मानिसहरूले तिनीहरूले हेपाहा दृष्टिले हेर्दथे। तिनीहरूले कर उठाउने सरकारी कर्मचारी र अरू पापीहरूलाई अत्यन्त

घृणा गर्दथे। तर ती पण्डितहरू तिनीहरूले तिरस्कार गरेका मानिसहरूभन्दा अपराधी भएको परमेश्वरले देख्नुभएको थियो। ख्रीष्टद्वारा स्वर्गको ज्योति ती मानिसहरूको बाटोमा यसरी चम्किरहेको थियो, “तिमीहरूले हिंड्ने मार्ग यो हो, त्यसकारण त्यसै अनुसार चल।" तर परमेश्वरको त्यस आवाजको वरदानलाई ठुक्राइ दिएका थिए।"-एलेन जी ह्वाइट, *द एसडिए कमेन्टरी,* ठेली ५, पृ. १०८८बाट रूपान्तरित।

## उपसंहारः

यस अध्यायको विषयलाई अझ राम्रोसँग बुझ्ने एलेन जी ह्वाइटले लेखेका देहायका सामग्रीहरूलाई पढ्नुहोस्ः ***ड डिजाएर अभ एजेज्*** **पृ. १८३-१९५को “आट जेकोब्स वेल", पृ. ३३३-३४१को “पीस बी स्टील" र पृ. ४६०-४६२को एमङ्ग स्नेएर" र *द मिनिस्ट्री अभ हिलिङ्ग* पृ. १६४-१६९को “हेल्पिङ्ग द टेम्पटेड, पृ. १७१-१८२को "वर्किङ्ग फर द इन्टेम्परेट", र पृ. १८३-२००को “हेल्प फर द अनइम्प्ल्वाईड एण्ड द होमलेस।"**

“यस संसारमा एक समूह छन् जसलाई येशूले कहिल्यै पनि आफ्नो दायरामा राख्नुहुन्न। त्यो हो ती मानिसहरू जो अभिमानले धेरै फुल्दछ र अरूलाई निच देख्दछन्।.....

“पापमा फसेको मानिसलाई कहिल्यै पनि सहीरूपमा आफ्नो आत्मसम्मानमा फर्कन ढिलो हुँदैन भनेर महशूस गराउनुपर्दछ। आफूमाथि भरोसा राख्ने मानिसहरूलाई ख्रीष्टले सम्मान गर्नुहुन्थ्यो। जतिसुकै तल्लो स्तरमा गिरेतापनि उहाँकहाँ आउनेहरूलाई उहाँले सरसम्मान स्वीकार गर्नुभएको थियो। मानिसले गर्ने पापको मामिलामा ख्रीष्टलाई अत्यन्त पिडादायी महशूस हुन्थ्यो। तर पापमा फसेको मानिसलाई देखेपछि उहाँ कहिल्यै पनि आफूलाई धक्का लागेको देखाउनु भएको थिएन। उहाँकहाँ आउने पापी मानिसहरूलाई उहाँले कहिल्यै पनि फर्काउनुभएन। मानिसको जतिसुकै खराब बानी वा आचरण होस् र जतिसुकै पापमा ऊ फसेको होस्, सबैलाई दया, करूणा र सदाशयता देखाएर व्यवहार गर्नुभएको थियो। जब हामी पवित्र आत्माको अगुवाईमा हिंड्न प्रण गर्छौं तब हामी पनि सबै मानिसहरूलाई दाजुभाई दिदिबहिनी जस्तै व्यवहार गर्नेछौं। ती सबै मानिसहरूले त्यही

दुःख, कष्ट, समस्या, मोह आदिको सामना गरेको हुन्छ। कतिपय समयमा तिनीहरू खस्किन्छन् र फेरि उठ्न खोज्छन्। विभिन्न समस्या, कष्ट र नैराश्यतासँग तिनीहरू संघर्ष गरिरहेको हुन्छ। सहायता र सहानुभूतिको चाहना तिनीहरूले गरिरहेको हुन्छ। यदि हामी पवित्र आत्माको अगुवाईमा हिँड्छौं तब तिनीहरूलाई यस्तो किसिमले हामीले व्यवहार गर्दछौं कि तिनीहरू निराश हुँदैन र हामीबाट तिनीहरू तर्केर पनि जान्दैनन्, बरू तिनीहरूको हृदय आशाले प्रज्वलित हुनेछ।"-एलेन जी ह्वाइट, *द मिनिस्ट्री अभ हिलिङ्ग*, पृ. १६४,१६५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. आफूभन्दा गिरेको वा तल्लो जातका मानिसहरू भनेर कहलाइएका मानिसहरूलाई सदाशयता देखाउन वा परमेश्वरको वारेमा सुसमाचार सुनाउन तपाईंको मनस्थितिमा कस्तो सुधार ल्याउन आवश्यक छ? चर्चको समूहमा कसरी विचारविमर्स गरेर समाजबाट तिरस्कृत मानिसहरूकहाँ जान सक्ने वातावरण बनाउने? कठोर र परमेश्वरप्रति केही चासो नराख्ने मानिसहरूको पहुँचमा जान आधुनिक येशूभक्तहरूले कस्तो सही उपायहरू अपनाउन प्रयास गर्नुपर्दछ?

आ. पापीहरूलाई भाषण छाँट्न वा आलोचना गर्न र पापलाई कुनै वहाना नबनाई ग्रहण नगर्न येशूले कस्तो कदम चाल्नु भएको थियो? समाजबाट पिछडिएको जातिलाई उत्थान गर्न र प्रोत्साहन दिन ख्रीष्टले कस्तो किसिमको आत्मविश्वास तिनीहरूलाई जगाउनुभयो? समाजबाट तिरस्कृत मानिसहरू धर्मका ठेकेदारहरूले शङ्का गर्दथे। तर येशूले तिनीहरूको खुबीलाई जानेर तिनीहरूलाई आफू सुहाउँदो चेलाहरू कसरी बनाउनुभयो?

इ. निम्न वर्ग, तल्लो जात कहलाउने, पानी नचल्ने जात भनेर तिरस्कृत मानिसहरू चर्चमा नआउन के ले रोकी राखेको हुन्छ? त्यस समस्यालाई हामीले कसरी समाधान गर्ने?